नेपाल सरकार

**प्रदेश प्रमुख**

सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

## तमु ल्होसार, २०८२ को शुभकामना सन्देश

गुरुङ समुदायको महान् पर्व तमु ल्होसार, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएकासम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा सुख, शान्ति, सुस्वास्थ्य एवम् दिर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा बसोबास गर्दै आएका गुरुङ समुदायले तमु ल्होसार पर्वलाई नयाँ वर्ष सुरु भएको अवसरको रुपमा पुरानो बर्षलाई बिदाई र नयाँ वर्षलाई स्वागत गर्दै हरेक वर्ष धार्मिक एवम् साँस्कृतिक उत्सवका रूपमा हर्षोल्लासपूर्वक मनाउने गर्दछन्।

बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, सम्वर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, तमु ल्होसार पर्वले सबै नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ साल पौष १५ गते, मंगलवार।

नजिर मियाँ

प्रदेश प्रमुख

**नजिर मियाँ**

प्रदेश प्रमुख